# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) धनगढी, नेपाल, असार ३० गते, २०७८ साल (अतिरिक्ताङ्क ३(ग)

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

### सुदूरपश्चिम प्रदेश खेलकूद (पहिलो संशोधन) नियमावली, २०७८

प्रस्तावना: सुदूरपश्चिम प्रदेश खेलकूद नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनिय भएकाले,



सुदुरपश्चिम प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस नियमावलीको नाम "सुदूरपश्चिम प्रदेश खेलकूद (पहिलो संशोधन) नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. सुदूरपश्चिम प्रदेश खेलकूद नियमावली, २०७७ को नियम ५ को उपनियम (१) मा खण्ड (क१) थप्नुपर्ने: (१) "सुदूरपश्चिम प्रदेश खेलकूद नियमावली, २०७७" (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को उपनियम (१) मा देहायको खण्ड (क१) थप गरिएको छः-

"(क१) परिषद्ले मनोनीत गरेको व्यक्ति– उपाध्यक्ष"

३. मूल नियमावलीको नियम ५ को उपनियम (१) मा खण्ड (क२) थप्नुपर्ने: (१) मूल नियमावलीको नियम ५ को उपनियम (१) मा देहायको खण्ड (क२) थप गरिएको छः-

"(क२) परिषद्ले मनोनीत गरेको व्यक्ति–कोषाध्यक्ष"

४. मूल नियमावलीको नियम ५ को उपनियम (१) को खण्ड (ङ) मा संशोधन: (१) मूल नियमावलीको नियम ५ को उपनियम (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) खेलकूदसँग सम्बन्धित व्यक्तिहरु वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक बिजेता खेलाडीहरु मध्येबाट परिषद्ले मनोनीत गरेको कम्तिमा २ जना महिला सहित ५ जना -सदस्य"

५. मूल नियमावलीमा नियम ५क थप्नुपर्नेः (१) मूल नियमावलीको नियम ५ पछि देहायको नियम ५क थप गरिएको छः-

"५क. उपाध्यक्ष र कोषाध्यक्षको काम कर्तव्य र अधिकारः(१) जिल्ला खेलकूद समितिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

(क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्य गर्ने,

(ग) समितिले तोकेका अन्य कार्य गर्ने ।

(२) जिल्ला खेलकूद समितिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

(क) समितिको जिन्सी सामानको जिम्मा लिई अभिलेख राख्ने,

(ख) समितिको लागि आवश्यक पर्ने जिन्सी सामानको व्यवस्थापन र सुरक्षा गर्ने ।"

६. मूल नियमावलीको नियम ५ मा उपनियम (७) थप्नुपर्नेः (१) मूल नियमावलीको नियम ५ को उपनियम (६) पछि देहायको उपनियम (७) थप गरिएको छः-

"(७) जिल्ला खेलकूद समितिका अध्यक्षले सेवा सुविधा वापत मासिक बीस हजार रुपैया पाउनेछन् ।"

७. मूल नियमावलीको नियम ११ को उपनियम (२) मा संशोधनः (१) मूल नियमावलीको नियम ११ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-





"(२) उपनियम (१) बमोजिमको कोषको खाता संचालन जिल्ला खेलकूद समितिका अध्यक्ष र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तोकिएको लेखा सम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।"

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः२०७८।०३।३०

आज्ञाले,
रघुराम बिष्ट
प्रदेश सरकारका सचिव



मुद्रकःआन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५।-